## चाँगुनारायण नगरपालिकामा
## विपद् व्यवस्थापनमा सदाचार प्रतिवद्धता

प्रस्तावना :

चाँगुनारायण नगरपालिकाको विपद् व्यवस्थाषन, त्यसपछिको पुनर्निर्माण र पुनःस्थापना सम्बन्धी चालु रहेका विविध कार्यमा जवाफदेहीता, पारदर्शिता र सदाचार अभिवृद्धिका साथै नागरिक सहभागिता, खरिद व्यवस्थापन र गुनासो सम्बोधन गर्न देहाय अनुसारको कार्य गर्नआज मिति २०७६।०९।१० गतेका दिन सार्वजनिक प्रतिवद्धता व्यक्त गर्दछौं:-

**१.जवाफदेहीता,पारदर्शिता र सदाचार अभिवृद्धि गर्न :**

१.१ विपद् व्यवस्थापन सम्बद्ध समस्यालाई मध्यनजर गर्दै राष्ट्रिय तथा अन्तराष्ट्रिय कार्यढाँचा अनुकुल विपद् जोखिम न्यूनिकरण नीति, नियम, योजना र कार्य सञ्चालन विधि निर्माण र कार्यान्वयन गर्ने प्रकृया चालु रहेको सर्न्दभमा उल्लेखित कार्यहरुको व्यवस्थापन थप सरल, छरितो र समयसीमा भित्र हुने व्यवस्था मिलाइने छ ।

१.२ विपद् पछिको पुनर्निर्माण र पुनःस्थापनाको व्यवस्थापन कार्यसँग सम्बन्धित नागरिक बडापत्र कार्यालय परिशरमा राख्ने र तद्नुसार कार्यान्वयनको व्यवस्था मिलाइनेछ ।

१.३ विपद् पीडितलाई प्रवाह गर्नुपर्ने चुस्त दुरुस्त सेवाबारे सेवाग्राहीको धारणा/सुझाव/समय समयमा बुझ्न कार्यहरु सम्पन्न गरिनेछ ।

१.४ विपद् पछिको पुनर्निर्माण र पुनःस्थापना कार्य सम्बन्धमा भएका निर्णय आवश्यकता अनुसार सूचनापाटी, सार्वजनिक सूचना वा सञ्चार माध्यममार्फत नागरिकलाई जानकारी गराइनेछ ।

१.५ विपद् व्यवस्थापन साथै पुनर्निर्माण र पुनःस्थापना कार्यमा सदाचार प्रवद्धन गर्न र ढिलासुस्ती, भ्रष्टाचार, अनियमितता हुन नदिन आवश्यक कार्यविधी बनाइनेछ ।

१.६ विपद् व्यवस्थापन रपुनर्निर्माण सम्बन्धी कार्यसम्पादनमा सहजता ल्याउन संघीय र प्रादेशिक सरकारसँग आवश्यक समन्वय र सहयोग लिइने छ ।

**२. नागरिक सहभागिता बढाउन**

२.१ संघिय र प्रादेशिक सरकार अन्तरगत विपद् व्यवस्थापनका लागि निर्माण हुने वा पुनर्निर्माणसम्बन्धी चालु/भावी कार्यहरुमा सहयोग गर्ने र स्थानिय तहबाट संचालित योजनाहरुको नियमित अवलोकन र मूल्याङ्कन गरी सम्बन्धित निकायहरुलाई ध्यानाकर्षण गराउने र सो को जानकारी नागरिक र सरोकारवालाई दिइनेछ ।

२.२ विपद्पछिको पुनर्निर्माणका कार्यहरु करार सम्झौता अवधिभित्रै सम्पन्न गराउन करार सम्बद्ध पक्षहरु मुख्यत : निर्माण पक्ष/उपभोक्ता समिति/ठेकेदारलाई समयसमयमा नागरिक अनुगमन सहित सजग गराइनेछ ।

२.३ विपद्को जोखिम, बच्नेउपाय, सुरक्षित स्थान, घरधुरी तथ्याङ्क, कार्ययोजना र बजेटमा सरोकारवाला संघ/संस्था तथा नागरिकको चासो र जानकारी बढाउनर जोखिमयुक्त वर्गहरुको अर्थपुर्ण सहभागिता वृद्धि गर्न छलफल, पत्रपत्रिका र रेडियोबाट सन्देश प्रचार र सार्वजनिक सुनुवाईजस्ता कार्यक्रम समेत समय/समयमा सहकार्यमा आयोजनागरिनेछ ।

**३. खरिद/बिक्री प्रक्रियाको परिपालना र अनुगमन गर्न :**

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
TRANSPARENCY INTERNATIONAL NEPAL
भ्रष्टाचार विरुद्धको सहकार्य The Coalition Against Corruption

३.१ विपद् व्यवस्थापन र सो पश्चात हुने पुनर्निर्माण र पुनःस्थापना सम्बन्धी सार्वजनिक खरिद प्रचलित ऐन/नियमबमोजिम गरिनेछ र मातहतका वडा कार्यालयहरुलाई पनि यस तर्फ आवश्यक निर्देशन दिइने छ ।

३.२. विपद् व्यवस्थापनपछिको पुनर्निर्माण र पुनःस्थापना कार्य गर्दा तोकिएको स्थानमा सबैले देख्ने गरी आवश्यक जानकारी सहितको सचेतनामूलक सूचनापाटी/होर्डिङ वोर्ड/डिस्प्ले वोर्डराख्ने वा राख्न लगाइनेछ ।

४. **गुनासो व्यवस्थापन गर्न :**

४.१ गुनासो सुन्न विद्युतीय सञ्चारमाध्यम, टेलिफोन, इमेल, तथा अनलाइन सेवा आदिको व्यवस्था गर्नुका अतिरिक्त गुनासो सुन्ने अधिकारी र सुलभ स्थानमा गुनासो पेटिका राखिनेछ ।

४.२ विपद् पीडितहरुबाट गुनासोसंकलन गर्ने व्यवस्था गर्दै ती गुनासोहरु तोकिएको समय भित्र सम्बद्ध कार्यालय प्रमुखको जानकारीमा ल्याई समाधान गरिनेछ र सो को जानकारी पीडितलाई गराइनेछ । समाधान हुन नसक्ने विषयहरु सरोकारवाला निकायको ध्यानाकर्षणका लागि पहल गरिने छ ।

५. **प्रतिवद्धता कार्यान्वयन र प्रगति अनुगमन गर्न :**

५.१ नगरप्रमुखद्वारा यस विपद् व्यवस्थापन प्रतिवद्धता-पत्र कार्यान्वयन गर्न चाँगुनारायण नगरपालिका र सम्बन्धित वडाहरुमा आवश्यक व्यवस्थाहरु गरिनेछ/ गर्न लगाइने छ ।

५.२ यस प्रतिवद्धता-पत्रमाउल्लेख भएका विषयहरुको प्रगतिसमीक्षा गर्न नगर प्रमुखको नेतृत्वमा एक प्रतिवद्धता कार्यान्वयन तथा अनुगमन समिति गठन गरिनेछ ।

५.३ उक्त समितिमा ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालको प्रतिनिधित्व रहनेछ । समितिमा अन्य साराकोकारवालाहरुको समेत प्रमुखद्वारा प्रतिनिधित्व गराइनेछ ।

५.४. प्रतिवद्धता-पत्र कार्यान्वयन र प्रगति अनुगमनका लागि नगर प्रमुखद्वारा त्रैमासिकरुपमा समितिको बैठक आयोजना गरी प्रगति समीक्षा सहित माइन्यूट गरिनेछ ।

**प्रतिवद्धता जाहेर गर्ने :**

सही: ..........................

प्रमुख : सोम प्रसाद मिश्र
नगरपालिका : चाँगुनारायण नगरपालिका
ठेगाना : खरिपाटी, भक्तपुर
मिति : २०७६/०९/१०

सोम प्रसाद मिश्र
नगरपालिका प्रमुख

**कार्यान्वयन तथा प्रगति अनुगमनमा सहयोग गर्ने :**

सही : ..................................
अध्यक्ष खेमराज रेग्मी
ट्रान्सपरेन्सी इन्टरनेशर्नल नेपाल,
छकुबकु मार्ग, नयाँ बानेश्वर, काठमाडौं, नेपाल
मिति : २०७६/०९/१०

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
TRANSPARENCY INTERNATIONAL NEPAL
भ्रष्टाचार विरुद्धको महाअभियान The Coalition Against Corruption